# बहुसाँस्कृतिक सहजीवन समाज

**(आफ्नो नाम बाट परिचय दिनको लागि)**

**आदरणीय अभिभावकज्यूहरू,**

ओसाका सिटी शिक्षा बोर्डले विभिन्न देश तथा संस्कृतिको पृष्ठभूमिबाट आएका बालबालिकाहरूले एक–अर्काको संस्कृति तथा विविधतालाई बुझी, सम्मान गर्दै सँगै सिक्न र हुर्कन सक्ने विद्यालय तथा समाज निर्माण गर्ने उद्देश्यले “बहुसांस्कृतिक सहजीवन समाज” निर्माणका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। हाल ओसाका सिटीका सरकारी विद्यालयहरूमा प्राथमिक विद्यालय, माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालयलगायत विभिन्न तहमा कोरिया, उत्तर कोरिया, चीन, फिलिपिन्स, भियतनाम, पेरु, ब्राजिल, नेपाल लगायत 50 भन्दा बढी देश तथा विभिन्न सांस्कृतिक पृष्ठभूमि बाट आएका बालबालिकाहरू अध्ययनरत छन्। यस प्रकारको विविधतापूर्ण विद्यालय वातावरणमा प्रत्येक बालबालिकाले आफ्नो नाम, भाषा, संस्कृति तथा मौलिक पहिचानलाई आत्मविश्वासका साथ स्वीकार गर्न र व्यक्त गर्न पाउनु महत्वपूर्ण हुन्छ भन्ने ओसाका सिटी शिक्षा बोर्डको धारणा रहेको छ।
त्यसैले, विदेशबाट जापान आएका बालबालिका मात्र नभई, अन्तरदेशीय विवाहबाट जन्मिएका बालबालिका, जापानी नागरिकता भएका बालबालिका तथा विभिन्न सांस्कृतिक पृष्ठभूमि भएका सबै बालबालिकाले आफ्नो मौलिक नाम तथा पहिचानका साथ विद्यालय जीवन बिताउन सक्ने वातावरण निर्माण गर्न हामी प्रयासरत छौँ। आफ्नो नाम, भाषा वा सांस्कृतिक पहिचानका कारण कुनै पनि बालबालिकाले अपहेलना, भेदभाव वा हीन भावना महसुस गर्न नपरोस् भन्ने कुरालाई पनि हामी विशेष महत्व दिदै आएका छौ। साथै, प्रत्येक बालबालिकाले आफ्नो संस्कृति र पहिचानलाई सम्मान गर्दै अन्य देश तथा संस्कृतिबारे पनि जान्ने र बुझ्ने अवसर प्राप्त गर्नु आवश्यक छ। यसबाट विभिन्न सांस्कृतिक पृष्ठभूमिका बालबालिकाबीच आपसी समझदारी र मित्रता बढ्दै जाने तथा भविष्यमा सबैले एक–अर्कालाई सम्मान गर्दै सहअस्तित्वमा रहन सक्ने बहुसांस्कृतिक समाज निर्माणमा योगदान पुग्ने हाम्रो विश्वास छ।
यस उद्देश्यलाई सफल बनाउन अभिभावकज्यूहरूको समझदारी र सहयोग अत्यन्त महत्वपूर्ण छ। आफ्ना बालबालिकाले आफ्नो नाम, भाषा तथा सांस्कृतिक पहिचानलाई सकारात्मक रूपमा स्वीकार गर्न सकून् र अरूको पहिचानलाई पनि सम्मान गर्न सिकून् भन्ने वातावरण घर तथा विद्यालय दुवैबाट निर्माण गरिदिनुहुन अनुरोध गर्दछौँ।

ओसाका सिटी शिक्षा बोर्डले अघि सारेको “बहुसांस्कृतिक सहजीवन समाज” निर्माणको उद्देश्यलाई अभिभावकज्यूहरूले पनि बुझी सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौँ।

**सन 2026, ओसाका सिटी शिक्षा बोर्ड**